# श्री रजिया देउराली पिखो सामुदायिक वन उपभोक्ता समुह
## शितगंगा -१२, अर्घाखाँची

बाबुराम बेल्वासे
अध्यक्ष

# काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित - २०८३/०४/०९ (मिसन टुडे राष्ट्रिय दैनिक)**

यस सामुदायिक बनको स्वीकृत बन सम्बर्द्धन प्रणालीमा आधारीत बन कार्ययोजना बमोजिम डिभिजन बन कार्यालय अर्घाखाँचीबाट संकलन सहमती लिई संकलन गरेको काठ/दाउरा शितगंगा - १२ ढुङ्गेमा घाटगद्धीमा रहेका निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ/दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्वर (PAN) र मुल्यअभिबृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ सौ दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ ।

| सि. नं. | जात | लट नं. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ | कटान मुछान खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | साल | - | A | २३ | २९०.५८ | १२५०।- | कटान मुछान खर्च<br>काठ रु.१८६।-प्रति क्यू.फि.<br>दाउरा १८१५०।- प्रति चट्टा | |
| | | | B | ८२ | ६५२.८५ | ९००।- | | |
| | | | C | ३२१ | १३६६.४६ | ६००।- | | |
| | | | D | १२५ | ३०७.४४ | ३००।- | | |
| २ | असना | | B | ८ | ६४.३७ | ३००।- | | |
| | | | C | ५० | १६९.१६ | १००।- | | |
| ३ | जामुन | | C | ७ | ३०.३३ | १००।- | | |
| ४ | प्यार | | - | ९ | ४३.६० | १००।- | | |
| ५ | बर्रो | | - | १२ | ५४.३१ | २००।- | | |
| ६ | साल दाउरा १३.७५ चट्टा | | | | | १२०००।- | | |
| ७ | अन्य दाउरा १.२५ चट्टा | | | | | ४०००।- | | |

१. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय २०८३/०४/२९ गते कार्यालय समय भित्र ।

२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८३/०५/०१ गते **दिनको १.०० बजे भित्र ।**

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

**(क) समुहको कार्यालय । (ख) डिभिजन बन कार्यालय अर्घाखाँची ।**

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक बनको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक शाखा कार्यालय सन्धिखर्कमा रहेको खाता नं. ३०५०००३२७६६०१ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ६ (छ) महिनाको वैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

५. प्रति बोलपत्र बापत रु.२०००।- लाग्ने छ र सो रकम पनि उपरोक्त वैंक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ ।

६. लिलाम हुने वन पैदावार शितगंगा १२ ढुङ्गेमा रहेको घाटगद्धीमा स्थलगत रुपमा हेर्न सकिने छ ।

७. रितपुर्वक र न्युनतम सख्याको बोलपत्र पेश भएमा मिति २०८३/०५/०२ गते दिउसो १.०० बजे समितिका पदाधिकारी, बन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य ब्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ ।

८.लिलाममा भाग लिन चाहने ब्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्बर(PAN) र **डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** को प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९.सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।

१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक वन उपभोक्ता समुहलाई निहित रहने छ ।

११. अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

**१२. लिलाम स्वीकृत भएको जानकारी पाएको मितिले ४५ (पैंतालिस) दिन भित्र सम्पुर्ण रकम चुक्ता गरी उक्त बन पैदावार उठाई लैजानु पर्ने छ अन्यथा धरौटी जफत गरी दोस्रो हुनेलाई उपलब्ध गराईने छ ।**

# नेपालगन्जमा 'हेल्थ इमर्जेन्सी कल सेन्टर'को माग

**वीरेन्द्र जैसी**
*नेपालगन्ज, ८ साउन*

'पहाडको कुनै गाउँमा अचानक कोही बिरामी भयो र नेपालगन्ज ल्याएर आइयो भने बिरामीका आफन्तलाई आइपर्ने मुख्य समस्या कुन अस्पतालमा लैजाने भन्ने हो । कुन अस्पतालमा लगियो भने उपचार प्रभावकारी रूपले हुनसक्छ, कुन अस्पतालना त्यसका लागि विशेषज्ञ चिकित्सक छन् भन्ने जानकारी नपाउँदा ढिलाइ भएर बिरामीको ज्यानसमेत जानसक्छ,' नेपालगन्जमा हेल्थ इमर्जेन्सी कल सेन्टरको आवश्यकताबारे छलफल गर्न आयोजित कार्यक्रममा प्लास्टिक सर्जन तथा सामाजिक अभियानी डा. विनोद कर्णले भने । उनले थपे, 'आपत्कालीन स्वास्थ्य अवस्थाका बिरामीका लागि हेल्थ इमरजेन्सी कल सेन्टरबाट अस्पताल तथा स्वास्थ्यकर्मीबारे आधिकारिक जानकारी दिन सकियो भने धेरै बिरामीको ज्यान बचाउन सकिने, उपयुक्त उपचार पाउने र खर्च पनि जोगाउन सकिने हुन्छ ।'

डा. कर्णकै अगुवाइमा लायन्स क्लब अफ नेपालगन्ज युनिटीको आयोजनामा नेपालगन्जमा छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा पश्चिम नेपालको प्रमुख स्वास्थ्य हबका रूपमा विकसित भइरहेको नेपालगन्जमा एक एकीकृत 'हेल्थ इमर्जेन्सी कल सेन्टर' स्थापना गर्नु जरुरी भइसकेकोमा सरोकारवालाले जोड दिए ।




कार्यक्रममा डा. कर्णले आपत्कालीन स्वास्थ्य सेवालाई थप व्यवस्थित, सहज र पहुँचयोग्य बनाउन कल सेन्टर अत्यन्त उपयोगी हुने बताए ।

नेपालगन्ज र आसपासका क्षेत्रमा दुर्घटना, जटिल बिरामी वा महामारीका बेला सर्वसाधारणले एम्बुलेन्स, रगत, आईसीयु अथवा भेन्टिलेटर बेड तथा विशेषज्ञ चिकित्सकको उपलब्धतासम्बन्धी जानकारी तुरुन्तै पाउन कठिन हुने गरेको डा. कर्णले बताए । यस्तो अवस्थामा सर्वसाधारणहरू बिचौलियाहरूको चंगुलमा परेर गलत अस्पतालमा पुग्ने, उपचारमा ढिलाइ हुने र बिरामीको जीवन पनि जोखिममा पर्नसक्ने उनले बताए । यो समस्याको स्थायी समाधानका लागि २४सै घण्टा सञ्चालन हुने एकीकृत हेल्थ इमर्जेन्सी कल सेन्टर स्थापना गर्ने अवधारणा अघि सारिएको डा. कर्णले बताए । कल सेन्टर स्थापनाका लागि नेपालगन्ज उपमहानगरपालिकाले नै अगुवाइ गर्नुपर्ने पनि डा. कर्णले बताए ।

डा. कर्णले आपत्कालीन अवस्थामा समयमै सही सूचना र स्वास्थ्य सेवा नपुग्दा धेरैले ज्यान गुमाउनुपरेको यथार्थलाई औंल्याउँदै प्रस्तावित कल सेन्टरले बिरामी र अस्पतालबीच द्रुत समन्वयकर्ताको रूपमा काम गर्ने बताए । आयोजक संस्था लायन्स क्लबका प्रतिनिधिहरूले सामाजिक उत्तरदायित्वअन्तर्गत कल सेन्टर स्थापनाका लागि पहल अभियान सुरु गरिएको र यसलाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन स्थानीय सरकार, विभिन्न अस्पताल, स्वास्थ्यकर्मी तथा नागरिक समाजसँग सहकार्य गरिने कार्यक्रममा प्रतिबद्धता जनाएका थिए ।

छलफलमा सहभागी सामाजिक अभियानी तथा सरोकारवालाहरूले कल सेन्टर स्थापनाको प्रयास सकारात्मक रहेको भन्दै यसको प्राविधिक तथा व्यवस्थापकीय पक्षलाई दिगो बनाउन आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

**के हो हेल्थ इमरजेन्सी कल सेन्टर ?**

स्वास्थ्यसम्बन्धी आपत्कालीन अवस्था, महामारी वा स्वास्थ्य समस्या पर्दा सर्वसाधारणलाई तत्काल टेलिफोनमार्फत निःशुल्क परामर्श, मार्गदर्शन र उद्धार समन्वय प्रदान गर्ने एक विशेष सम्पर्क केन्द्र नै हेल्थ इमरजेन्सी कल सेन्टर हो । विकसित देशहरूमा मुख्य स्वास्थ्य उपचार केन्द्रहरूमा यस्ता कल सेन्टर अनिवार्य हुने गरेको डा. विनोद कर्ण बताउँछन् ।

यस्तो कल सेन्टरमा तालिमप्राप्त स्वास्थ्यकर्मी, डाक्टर, र कल अपरेटरहरू २४सै घण्टा तयारी अवस्थामा रहने उनले बताए । कल सेन्टरबाट बिरामीको लक्षण सुनेर अस्पताल नपुगुञ्जेल घरमै के गर्ने वा कस्तो प्राथमिक उपचार अपनाउने भन्ने सल्लाह दिने, गम्भीर बिरामी वा दुर्घटनाका घाइतेलाई नजिकैको अस्पताल पुर्‍याउन एम्बुलेन्स सेवाका लागि समन्वय गरिदिने, कुन अस्पतालमा इमरजेन्सी बेड, आइसियू, वा भेन्टिलेटर खाली छ भन्ने अद्यावधिक जानकारी दिने सेवा प्रदान गरिन्छ ।

डेङ्गु, कोभिड, हैजा जस्ता सरुवा रोग फैलिएको समयमा नागरिकलाई सही सूचना र सावधानीका उपायहरू बुझाउने, आकस्मिक तनाव, चिन्ता, वा आत्महत्याको सोच आएका व्यक्तिहरूलाई मानसिक स्वास्थ्य विशेषज्ञसँग जोडेर काउन्सिलिङ दिने जस्ता सेवा पनि यस सेन्टरमार्फत दिन सकिने डा. कर्णले बताए ।

यसका लागि नेपालगन्ज उपमहानगरपालिका जस्तो स्थानीय तहमा कम्तीमा पाँच जना तालिमप्राप्त दक्ष स्वास्थ्यकर्मीसहितको टिम तथा एम्बुलेन्सको व्यवस्था भएमा सेन्टर प्रभावकारी रूपले सञ्चालन गर्न सकिने उनले बताए ।

# खजुरा क्यान्सर अस्पतालका लागि सुलभ बस सञ्चालन हुने

**मिसन संवाददाता**
*नेपालगन्ज, ८ साउन*

बाँकेको खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालका सेवाग्राहीलाई लक्षित गरेर सुलभ बस सेवा सञ्चालन गरिने भएको छ । अस्पतालको आग्रहबमोजिम बागेश्वरी यातायात प्रालिले बैजनाथ गाउँपालिकाको सम्झना चौकदेखि खजुरास्थित क्यान्सर अस्पतालसम्म बस सेवा सञ्चालन गर्ने भएको हो । क्यान्सर अस्पतालको आग्रहमा क्यान्सरका बिरामीहरूको सहजतालाई मध्यनजर गर्दै क्यान्सर अस्पताल गेटसम्म पुग्ने गरी नगर बस सञ्चालन गरिने बागेश्वरी यातायातका अध्यक्ष मनप्रसाद आचार्यले जानकारी दिएका छन् ।

शुक्रबार अस्पतालका कार्यकारी निर्देशक डा. निरज भट्टराई र बागेश्वरी यातायत प्रालिका अध्यक्ष आचार्यबीच बस सञ्चालनसम्बन्धी सहमति भएको हो । अस्पतालमा जान आएका दूरदराजका बिरामीहरूले भोग्दै आएको समस्याको सहजीकरणका लागि अस्पतालको आग्रहमा बस सञ्चालन गर्न थालिएको आचार्यले बताए । आचार्यका अनुसार पहिलो चरणमा सम्झना चौकबाट क्यान्सर गेटसम्म दुई वटा बस सञ्चालन गरिने बताउँदै आचार्यले बिरामीको चाप र आवश्यकतालाई हेरेर पछि सेवा थप गरिने जानकारी दिए ।



अस्पतालसम्म पुग्न सिधा सवारीसाधन नपाएर अलमलमा पर्ने गरेका बिरामीहरूलाई नगर बस सञ्चालनले ठूलो राहत मिल्ने अस्पतालका कार्यकारी निर्देशक डा. भट्टराईले बताएका छन् । अस्पतालको आग्रहलाई स्वीकार गरेर बस सञ्चालन गर्ने सहमति भएकोमा उनले बागेश्वरी यातायात प्रालि परिवारलाई अस्पतालको तर्फबाट धन्यवाद पनि व्यक्त गरे । अध्यक्ष आचार्यका अनुसार अर्को सातादेखि सञ्चालन हुने नगरबसले खजुराबाट नेपालगन्जका लागि ४० रूपैयाँ, राँझा चोकलाई ५० रूपैयाँ, कोहलपुरसम्मका लागि एक सय रूपैयाँ र सम्झना चोकसम्मका लागि एक सय २५ रूपैयाँ सेवा शुल्क लिने छ ।

कर्णाली, सुदूरपश्चिम तथा लुम्बिनी प्रदेशका विभिन्न जिल्लाबाट क्यान्सरको उपचार गर्न खजुरा क्यान्सर अस्पताल आउने बिरामीहरूले अस्पतासम्म पुग्ने साधन नपाउँदा समस्या भोग्दै आएका थिए । उनीहरूले नेपालगन्जबाट अस्पतालसम्म पुग्न अटो रिक्सामा जाँदा महंगो भाडा तिर्नुपर्ने गरेको छ ।

# पर्यटन प्रवर्द्धनका लागि सरोकारवालाबीच अन्तरक्रिया

**मिसन संवाददाता**
*कोहलपुर, ८ साउन*

बाँके राष्ट्रिय निकुञ्जलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले कोहलपुरमा सरोकारवालाहरूबीच विस्तृत छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

शुक्रबार कोहलपुरमा बाँके राष्ट्रिय निकुञ्जको आयोजनामा आयोजित कार्यक्रममा निकुञ्ज व्यवस्थापन, स्थानीय सरकार, पर्यटन व्यवसायी, संरक्षणकर्मी, सामुदायिक वनका प्रतिनिधि तथा विभिन्न साझेदार संस्थाका प्रतिनिधिहरूको सहभागिता छलफल तथा अन्तरक्रिया भएको हो ।

बाँके राष्ट्रिय निकुञ्जको पर्यटन सम्भावना, जैविक विविधता संरक्षण, स्थानीय समुदायको सहभागिता, पूर्वाधार विकास तथा पर्यटक आकर्षणका रणनीतिहरूबारे विस्तृत छलफल गरिएको थियो ।

कार्यक्रममा बाँके क्षेत्र नम्बर १ का सांसद सुरेशकुमार चौधरीले निकुञ्जभित्र रहेका वन्यजन्तु, प्राकृतिक दृश्य, जैविक विविधता र सांस्कृतिक सम्पदालाई पर्यटनसँग जोडेर दिगो आर्थिक गतिविधि सिर्जना गर्न सकिने बताए । उनले निकुञ्ज पश्चिम नेपालको महत्वपूर्ण संरक्षण क्षेत्र भएको उल्लेख गर्दै यस क्षेत्रलाई पर्यावरणमैत्री पर्यटनको केन्द्रका रूपमा विकास गर्न आवश्यक रहेको जानकारी दिए । निकुञ्जको पर्यटन विकासले स्थानीय रोजगारी सिर्जना, होटल तथा सेवा व्यवसाय विस्तार र समुदायको आयआर्जनमा सकारात्मक प्रभाव पार्ने उनको भनाइ थियो ।

अन्तरक्रियामा सहभागी पर्यटन व्यवसायीहरूले निकुञ्जसम्म पुग्ने सडक, सूचना केन्द्र, पर्यटक मार्गदर्शन, साइनेज, विश्रामस्थल तथा अन्य आधारभूत पूर्वाधारलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता औंल्याएका थिए । साथै, बाँके राष्ट्रिय निकुञ्जको प्रचार-प्रसार डिजिटल माध्यम, पर्यटन मेला तथा अन्तर्राष्ट्रिय नेटवर्कमार्फत प्रभावकारी रूपमा गर्नुपर्ने सुझाव दिइएको थियो ।



निकुञ्ज र मध्यवर्ती क्षेत्रमाका स्थानीयका पीडा र समस्याहरू धेरै रहेकाले नीतिगत रूपमा सुधार गर्न आफू लागिपर्ने सांसद चौधरीले प्रतिबद्धता जनाए । उनले आफ्नो पाँच वर्षको समयभित्र सक्दो पहल र कानुनी अड्चन फुकाउन हरप्रयास लागिरहने बताए । उनका अनुसार निकुञ्जलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न तीनै तहका सरकार र निजी क्षेत्रहरूको सहकार्य अनिवार्य आवश्यक छ ।

बाँके राष्ट्रिय निकुञ्जले पछिल्लो समय आफ्नो छुट्टै प्रभाव छाड्न थालेको लुम्बिनी प्रदेश वन मन्त्रालयका सचिव प्रमोद भट्टराइले बताए । उनले निकुञ्जको विकासमा समुदायमा आधारित पर्यटन, होमस्टे सञ्चालन, स्थानीय संस्कृति तथा परम्पराको संरक्षण र पर्यटन गतिविधिमा स्थानीय युवाको सहभागिता बढाउनुपर्नेमा जोड दिए ।

निकुञ्जको विकासका लागि सक्दो सहयोग र कानुन निर्माणमा सहयोग गर्ने प्रतबद्धता जनाउँदै उनले बाँके राष्ट्रिय निकुञ्ज भौगोलिक रूपमा उत्तिकै सुन्दर र पृथक रहेको बताए । उनले संरक्षण र पर्यटनलाई सन्तुलित रूपमा अघि बढाउनसके मात्र दीर्घकालीन लाभ प्राप्त हुने धारणा व्यक्त गरेका थिए ।

निकुञ्ज क्षेत्रमा वन्यजन्तु संरक्षण, अवैध गतिविधि नियन्त्रण तथा पर्यटन व्यवस्थापनका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेको बाँके राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताए । बिस्तारै निकुञ्जमा घुम्न आउने पर्यटकहरूको संख्या बढ्दै गएको र पूर्वधारको विकास पनि थप्दै गएको उनले जानकारी दिए ।

निकुञ्जलाई सुरक्षित र आकर्षक गन्तव्यका रूपमा विकास गर्न सरकारी निकाय, निजी क्षेत्र र समुदायबीच सहकार्य आवश्यक रहेको भन्दै उनले अहिले निकुञ्जप्रतिको नकारात्मक धारणालाई चिर्दै समुदायस्तरमा जनचेता फैलाउन आवश्यक रहेको उल्लेख गरे ।

कार्यक्रममा सहभागीहरूले वन्यजन्तु र मानवबीचको द्वन्द्व न्यूनीकरण, पर्यटन भित्र्याउन लगानीको वातावरण सिर्जना गर्न र निजी क्षेत्रको लागि समेत अनुदानका प्याकेज लागू गर्न सुझाव दिएका थिए । इन्रुडेक नेपालका अध्यक्ष धर्मबहादुर रोकायाले विगत लामो समयदेखि संस्थाले निकुञ्जसँग सहकार्य गरेर काम गर्दै आइरहेको बताए ।

आफ्नो घर आँगन सफा राखौं । सभ्य नागरिकको परिचय दिऔं ।

**लिक्विडेटर कार्यालयको हबदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९।१२।२७ मा प्रा.ली.द.नं. १११४११ मा दर्ता भएको नेपाल मन्जूला ट्राभल्स एण्ड टूस प्रा.लि. को मिति २०८३।०३।३२ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन २०६३ को शंशोधन सहितको दफा १२६ वमोजिमको स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरीएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्वन्धीत सवैको जानकारीका लागी यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर** : हरि प्रसाद तिवारी (इजाजत नं. ५२०)
अनामनगर, काठमाण्डौं, फोन नं.: ९८५११४५३४१

**लिक्वीडेटर कार्यालयको हकदाबी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४।०५।०४ मा दर्ता भएको (प्रा.लि.नं. १७३५०६) सुदिप खड्का प्रोडक्सन्स प्रा.लि. को मिति २०८३।०४।०२ मा सम्पन्न विषेश साधारण सभाले कम्पनी ऐन २०६३ दफा १२६ बम्मोजीम कम्पनीलाई स्वेच्छिक खारेजीमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कसैको लेनदेन हकदाबी केही भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित हकदावीको लागि लिक्वीडेटरको कार्यालयमा सर्म्पक गर्नु होला अन्यथा कम्पनी खारेज भै गएमा कुनै प्रकारको उजुर बाजुर नलाग्ने व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री चुडामणी भट्ट**
दामासाही ब्यबसायी
लिक्वीडेटरको कार्यालय, अनामनगर,काठमाण्डौ
प्र.प.नं.४९० (फोन नं. ९८५१२२२५१५)

**लिक्वीडेटर कार्यालयको हकदाबी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५।१०।१७ मा दर्ता भएको (प्रा.लि.नं.२०७६९२) भि.आर.पि.गोल्ड एण्ड सिल्भर प्रा.लि. को मिति २०८३।०४।०८ मा सम्पन्न विषेश साधारण सभाले कम्पनी ऐन २०६३ दफा १२६ बम्मोजीम कम्पनीलाई स्वेच्छिक खारेजीमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कसैको लेनदेन हकदाबी केही भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित हकदावीको लागि लिक्वीडेटरको कार्यालयमा सर्म्पक गर्नु होला अन्यथा कम्पनी खारेज भै गएमा कुनै प्रकारको उजुर बाजुर नलाग्ने व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री शेर बहादुर रोकाया**
दामासाही ब्यबसायी
लिक्वीडेटरको कार्यालय, बबरमहल, काठमाण्डौ
प्र.प.नं.२८७ (फोन नं. ९८५११६३७२३)
Email rokayasherbahadur723@gmail.com

**श्री रजिया देउराली पाखो सामुदायिक वन उपभोक्ता समुह**
शितगंगा न.पा.-१२, अर्घाखाँची

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशित मिति - २०८३/०४/०९

यस सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादन भई शितगंगा १२ ढुङ्गेमा घाटगद्दी गरी राखिएको साल जातको काठ २६१७,३३ क्यू.फि., अन्य जातको ३६१.७९ क्यू.फि. तथा साल दाउरा १३.७५ चट्टा र अन्य दाउरा १.२५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन वन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्लास्थित अन्य कार्यालयहरूमा समेत टाँस गरिने छ साथै लुम्बिनी प्रदेशको वन तथा भु-संरक्षण मन्त्रालय, देउखुरी दाङ्ग, वन निर्देशनालय बुटवल र डिभिजन वन कार्यालय अर्घाखाँचीको वेभसाईडमा समेत अपलोड गरिने छ ।

**श्री रजिया देउराली पाखो सामुदायिक वन उपभोक्ता समुह**
**शितगंगा न.पा.-१२ अर्घाखाँची**







**मिसन टुडे राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादकः** बिनोद पौडेल । **कार्यकारी सम्पादकः** कृष्ण ओली । **कार्यालयः** कोहलपुर बाँके । नयाँ बानेश्वर, (मिलन चोक) काठमाडौं । **फोनः** ९८५१३१९६६९, ९८५८०२३०६९
**इमेलः** missiontodaydaily@gmail.com । **विज्ञापनका लागि इमेलः** adv.marketingmission@gmail.com । **मुद्रणः** मिसन अफसेट प्रेस, कोहलपुर (बाँके) । नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि. भक्तपुर ।